# International Buffalo Symposium 2017

November 15-18, 2017
Chitwan, Nepal

**मितिः २०७४।०८।०१**

कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान संकायले आयोजना गरेको "अन्तरराष्ट्रिय भैंसी विज्ञहरुको सम्मेलन २०७४" को समापन मिति २०७४।०८।०१ गते सौराहामा सम्पन्न भयो । नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग; नेपाल कृषि अनुसन्धान परिषद र मिचिगन स्टेट यूनिभर्सिटि, अमेरिका सह-आयोजक रहेका थिए । यस्तो किसिमको अन्तरराष्ट्रिय वैज्ञानिकहरुको सम्मेलन नेपालमा पहिलो पटक आयोजना भएको हो ।

भैंसी उत्पादन तथा व्यवस्थापन, स्वास्थ्य व्यवस्थापन, प्रजनन् व्यवस्थापन, जैविक प्रविधि तथा आनुवंशिकी, पशुजन्य खाद्यको स्रोत-भैंसी एवम् नितिगत र सामाजिक आर्थिक पक्षहरु समेटिएका ५ वटा विशेष, १४ वटा आमन्त्रित, २७ वटा मौखिक र ३३ वटा पोष्टर गरि जम्मा ७९ वटा प्राविधिक कार्यपत्रहरु प्रस्तुति भएका थिए ।

उक्त भव्य सम्मेलनमा नेपाल, भारत, पाकिस्तान, चिन, बंगलादेश, थाइल्याण्ड, फिलिपिन्स, इटाली, संयूक्त राज्य अमेरीका, क्यानाडा लगाएतका १० देशका १८० जनाको सहभागिता रहेको थियो । सम्मेलनमा कृषि तथा वन विज्ञान विश्वविद्यालय, मिचिगन स्टेट यूनिभर्सिटि, नेपाल सरकार, पशु सेवा विभाग, नेपाल कृषि अनुसन्धान परिषद, वर्ल्ड बफ्यालो फेडेरेसन, एसियन बफ्यालो एसोसिएशन अन्य विश्वविद्यालयहरु र राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरका ख्याति प्राप्त अनुसन्धान संस्थाका प्रमुख व्यक्तित्वहरुको सहभागिता रहेको थियो । सम्मेलनमा प्रस्तुत भएका सम्पूर्ण कार्यपत्रहरु माथि विस्तृत छलफल गरिएको थियो । सम्मेलनको दौरान विभिन्न साइड-लाईन बैठकहरु आयोजना गर्दै भैंसीको अनुसन्धान तथा विकास सम्बन्धी विचारहरु आदानप्रदान भए । यसर्थ, पूर्व-लक्षित उद्धेश्यहरु हासिल गर्न उक्त सम्मेलन **उत्कृष्ट वैज्ञानिक भेला**को रुपमा सार्थक रह्यो ।

सम्मेलनमा उपस्थित सहभागिहरुको पूर्ण-भेलाले सर्वसम्मतरुपमा तपशील अनुसारको निष्कर्षहरु प्रस्तुत गर्दै उक्त निर्ष्कषले नितिगत निकायलाई यस क्षेत्रमा भैंसी उत्पादन (जून, यस क्षेत्रकै ठूलो संख्याका जनमानसको खाद्य तथा आर्थिक स्रोतको मेरुदण्ड हो) को अनुसन्धान र विकासको महान् गन्तव्यतर्फ अघि वढ्न सहयोगी सिद्ध हुनेछ भन्ने ठहर गरेको छ ।

सम्मेलनका निष्कर्षहरुः

१. राष्ट्रिय स्तरमा "भैंसी अनुसान्धानको सर्वोच्च केन्द्र" र यस सो अन्तरर्गत स्याटेलाईट अनुसन्धान केन्द्र स्थापना गर्ने,
२. क्षेत्रिय तथा अन्तरराष्ट्रिय स्तरमा भैंसी अनुसन्धानमा संलग्न संस्था तथा विश्वविद्यालयहरुविच सशक्त साझेदारी र सहकार्यको विकास गर्ने,
३. अन्तरराष्ट्रिय भैंसी विज्ञहरुको सम्मेलन २०७४ को आयोजक राष्ट्रको हैसियतले निकट भविष्यमा "एशियन बफ्यालो कङ्ग्रेस" आयोजना गर्नको लागि प्रस्ताव पेश गर्ने,
४. गुणस्तरिय दुध उत्पादनको लागि "एशियन मस्टाईटिस काउन्सिल" स्थापना गर्ने ।

धन्यवाद

MICHIGAN STATE UNIVERSITY · ILRI · CGIAR · USAID FROM THE AMERICAN PEOPLE · FEED THE FUTURE The U.S. Government's Global Hunger & Food Security Initiative · UF IFAS UNIVERSITY of FLORIDA

Symphosium Secretriate
Faculty of Animal Science,Veterinary Science and Fisheries
Agriculture and Forestry University, Rampur, chitwan, Nepal

Email: ibs2017@afu.edu.np
Web: www.afu.edu.np/vet/ibs2017
Telephone: +977 56592131